नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १९० २०८२ साल फागुन १६ गते शनिबार (28 Feb 2026 Saturday) मूल्य रु. ५/-



**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।



**Log in : *rajbirajdainik.com.np***



*यस अंक भित्र :* २ पृष्ठमा : चुनावमा सहभागी हुन ... ३ पृष्ठमा : मतदाता आकर्षित गर्न ... ३ पृष्ठमा : पाकिस्तान-अफगानिस्तानबीच ...


# मौन अवधी सुरु हुनु अघि सप्तरी २ मा उम्मेदवारहरु अन्तिम चरणको प्रचारमा






**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनको ६ दिन मात्र बाँकी रहदा सप्तरीमा आफ्नो पक्षमा मत पार्न उम्मेदवारहरु अन्तिम चरणको प्रचारमा लागिपरेका छन् ।

७२ घण्टै मौन अवधी सुरु हुनु अघि नै दलहरु मतदाता नजिक पुग्ने र आफ्नो पक्षमा मत पार्ने कार्यमा सम्पूर्ण शक्ती लगाउँदै छन ।

सप्तरी सदरमुकाम राजविराज समेत समेटिएको क्षेत्र नं. २ अन्तिम चरणको प्रचार प्रसारका क्रममा अहिले विभिन्न राजनीतिक दलका उम्मेदवारहरुबीच घर दैलोसंगै शक्ती प्रर्दशन गर्ने होडबाजी नै चलेको छ ।

यस क्षेत्रबाट जनमतका अध्यक्ष डा. सिके राउत, जसपा नेपालका उमेश कुमार यादव, रास्वपाका रामजी यादव, स्वभिमान पार्टीका सतिश कुमार सिंह, नेकपाका सुर्यनाथ प्रसाद यादव, उज्यालो नेपाल पार्टीका डा. दिपक चौधरी, नेपाली काँग्रेसका राम कुमार यादव, जनाधिकार पार्टीका डा.शरद सिह यादव, नेपाल जनता पार्टीका रन्जु ठाकुर तथा नेपाल राष्ट्रिय मुक्ती पार्टीका अनिस अन्सारी मुख्य प्रतिष्पर्धामा देखिएका छन ।

यस क्षेत्रमा मतदाता संख्या १ लाख ५ हजार ९ सय २२ छन । नयाँ शक्तिका रुपमा उदाएका रास्वपाको रामजी यादवले जनताले परिर्वतन र विकास चाहेको भन्दै अहिले शक्ती प्रर्दशन गर्ने क्रममा स्वफुर्त रुपमा जनताको सहभागिता बढ्ने गरेको बताए ।

साँसद नदोहोऱ्याउने क्षेत्रका रुपमा चिनिएको यस क्षेत्रमा २०७९ मा जितेका जनमत पार्टीका अध्यक्ष एवं सासद डा. सिके राउत जित दोहोऱ्याउने दाऊमा सबै शक्ति लगाएका छन । वडा वडामा कमिटी गठन गर्दै अघि बढेको उनी मौन अवधी सूरु हुनु अगावै शक्ति प्रर्दशन गरेर मतदाता आफ्नो पक्षमा पार्ने अन्तिम प्रयासमा जुटेका छन । कुनै बेला उनकै पार्टीमा रहेका पूर्व मुख्यमन्त्री सतिश कुमार सिंह, डा. शदर सिंह यादव र अनिस अन्सारी पनि यसै क्षेत्रबाट प्रतिष्पर्धामा छन ।

पूर्व मन्त्री उमेश कुमार यादव पनि यसै क्षेत्रबाट उम्मेदवार बनेका छन । मुख्य प्रतिष्पर्धामा रहेका उनीहरु पनि अन्तिम चरणको प्रचारमा सम्पुर्ण शक्ति लगाएर जित निकाल्न प्रयासरत छन ।

शक्ति प्रर्दशनका क्रममा दलहरुले घर दैलो, कोण सभा, जनसभा, मोटरसाईकल ऱ्याली, स्टार प्रचारक डकुमेन्ट्री लगायतका विधी प्रयोग गरेको पाइएको छ । शक्ति प्रर्दशनका क्रममा विभिन्न दलका उम्मेदवारको जुलुसमा देखिने भीडले मतदाता अलमलमा पर्ने गरेका छन । यद्धपी अधिकांश मतदाताले कसलाई मतदान गर्ने भन्ने विषयमा सोच बनाईसकेको र फागुन २१ गतेको निर्वाचन पछी खुल्ने स्थानीय मतदाताहरुको भनाई छ ।

कुल ३४ उम्मेदवार रहेको यस क्षेत्रमा राजविराज नगरपालिकाका साथै छिन्नमस्ता, महादेवा र तिलाठी कोइलाडी गाउँपालिका पर्दछ ।

# रास्वपाद्वारा करार पत्रमार्फत १२ लाख नयाँ रोजगारी सम्मको वाचा




**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागी सप्तरीको क्षेत्र नं. ३ बाट रास्वपाका प्रत्यक्ष तर्फका उम्मेदवार रहेका डा. अमरकान्त चौधरीले १७ बुंदे करार पत्र सार्वजनिक गरेका छन ।

विभिन्न राजनीतिक दल धमाधम घोषणा पत्र, प्रतिबद्धता पत्र र संकल्प पत्र सार्वजनिक गर्ने क्रम चलिरहेको बेला उनले पत्रकार सम्मेलनमा करार पत्रमार्फत आफ्नो योजनाहरु सार्वजनिक गरेका हुन् ।

डा. चौधरीले सार्वजनिक गरेको करार पत्रमा अगामी ५ वर्षमा १२ लाख नयाँ रोजगारी सृजना गर्ने देखी प्रतिब्यक्ती आय ३ हजार डलर पुऱ्याउने सम्मको प्रतिबद्धता ब्यक्त गरेका छन् ।

कुल गार्हस्थ उत्पादन १ सय अरब डलर पुऱ्याउने, जन्मदेखी मृत्युसम्म एकिकृत समाजिक सुरक्षाको ग्यारेन्टी गर्ने, सिचाईका लागी विद्युतीय सेवा तथा शिक्षाका लागी छात्रवृतिको व्यवस्था गर्ने उनले करारपत्र मार्फत प्रतिबद्धता जनाएका छन ।

त्यस्तै ३० हजार किलो मिटर राष्ट्रिय राजमार्ग निर्माण गर्ने, विदेशमा वस्ने नेपालीलाई अनलाइन मताधिकारको व्यवस्था गर्ने, स्वास्थ विमा निशुल्क तथा कृषि र किसानका लागी आवश्यक्त सेवा सुविधा बृद्धि गर्ने लगायतका प्रतिबद्धता पनि करार पत्रमा समेटिएको छ ।

सुशासन, समृद्धि र समाजिक न्यायमा केन्द्रित रहेर सार्वजनिक गरिएको करार पत्रमा संविधान, शासन प्रणाली, भ्रष्टाचार विरुद्ध सुन्य सहनशिलता कायम गरी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउदै रोजगारी विस्तार गर्ने स्पष्ट रोडम्याप प्रस्तुत गरिएको छ ।

सो अवसरमा उनले जनतासंग आफुहरुले ५ वर्षको समय माग गरेको र चुनाव जिते पहिलो प्राथमिक्ता यस क्षेत्रको जनताको काम र क्षेत्रको समग्र विकास हुने उल्लेख गरे ।

रास्वपाका तर्फबाट समानुपातिकतर्फ उम्मेदवार रहेकी डा. अंकिता ठाकुरले जनता भ्रष्टाचार मुक्त र सुशासनयुक्त नेपाल चाहेको भन्दै यसका लागी परिर्वतन आवश्यक भएको बताइन ।

एक लाख ११ हजार ८ सय ७१ मतदाता रहेको यस क्षेत्रमा उनीसंगै जसपा नेपालका अध्यक्ष समेत रहेका उपेन्द्र यादव, नेपाली काँग्रेसका दिनेश कुमार यादव, नेकपा एमालेका ताराकान्त चौधरी, नेकपाका अरुणकुमार साह, जनमतका सुरेन्द्र मधेशी मुख्य प्रतिस्पर्धामा देखिएका छन ।


**तनाव व्यवस्थापनमा परिवारको भूमिका**

- ❖परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
- ❖स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गरौं।
- ❖सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।
- ❖घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।
- ❖जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- ❖साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आसन्न निर्वाचनबारे शतप्रतिशत मतदाता सचेत

काठमाडौं, १५ फागुन (रासस)।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनप्रति तुलनात्मक रूपमा मधेस प्रदेशका मतदातामा बढी उत्साह देखिएको पाइएको छ।

आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक)ले गरेको निर्वाचन सर्वेक्षणमा विगतको तुलनामा मधेस प्रदेशका करिब ५५ प्रतिशत मतदातामा आगामी चुनावप्रति उत्साह देखिएको उल्लेख छ। जेनजी आन्दोलनको जगमा हुन लागेको यस निर्वाचनलाई विगतका निर्वाचनभन्दा भिन्न र विशिष्ट मानिएको जियोकका महासचिव कृष्णमान प्रधानले बताउनुभयो।

भदौ २३ गते भएको जेनजी आन्दोलनपछिको पहिलो निर्वाचन भएकाले पनि आममतदातामा ठूलो उत्साह रहेको महासचिव प्रधानले बताउनुभयो। सोही प्रदेशमा निर्वाचनप्रति सबैभन्दा बढी ७९.२ प्रतिशत विश्वास रहेको सर्वेक्षण तथ्याङ्कले देखाएको छ।

जियोकको सर्वेक्षणमा भनिएको छ, "नवयुवा पुस्ताले यस निर्वाचनलाई विगतको भन्दा फरक मानेका छन्, आममतदाता भने तोकिएको समयमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुनेमा ढुक्क छन्।" जियोकले करिब १०० जना मतदातामा गरेको सर्वेक्षणमा सहभागीमध्ये अधिकांश यही फागुन २१ गते हुने निर्वाचनबारे सचेत रहेको उल्लेख छ।

सर्वेक्षणमा सहभागी मतदातामध्ये ३४ प्रतिशत राजनीतिक शक्तिबाट उच्च प्रभावित रहेको तथा ५० प्रतिशतमा मध्यम प्रभाव देखिएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा जेनजी आन्दोलनको प्रभावले विगतको तुलनामा चुनावी नतिजालाई केही फेरबदल गर्ने अनुमान गरिएको छ।

निर्वाचनको सफलतामा शान्ति, सुरक्षाको पाटोलाई चुनौतीका रूपमा पहिचान गरिए तापनि पछिल्लो समय बन्दै गएको चुनावी वातावरणले अन्य कुरालाई पन्छाउँदै लगेको संस्थाले जनाएको छ। तथापि राजनीतिक दलका कार्यकताबीच हुनसक्ने विवादले केही स्थान विशेषमा भने छिटफुट रूपमा सुरक्षा चुनौती निम्तन सक्ने विषयलाई नकार्न नमिल्ने औंल्याइएको छ।

सर्वेक्षणमा सहभागी २१ प्रतिशत मतदाताले आफ्नो मतको निर्णयमा सामाजिक सञ्जालको प्रभाव रहेको स्वीकार गरेको तथा लैङ्गिक रूपमा २४ प्रतिशत पुरुष र २१ प्रतिशत महिला प्रभावित देखिएको उल्लेख छ।

प्रविधि प्रयोगमा मात्र होइन, नवयुवा पुस्ता सामाजिक सञ्जालबाट त्यति नै प्रभावित देखिएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मितव्ययी तुल्याउन पैसा र पहुँचको दुरुपयोगलाई सबैभन्दा ठूलो चुनौतीका रूपमा औंल्याइएको छ।

निर्वाचन सुरक्षामा भ्रामक सूचनाले पनि नकारात्मक असर पर्ने सक्ने भएकाले त्यसको समयमै रोकथाम गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्नेमा जोड दिइएको छ। चुनावको मिति नजिकिँदै गर्दा निर्वाचनका लागि आवश्यक वातावरण बनेको, मतदातामा उत्साह बढेको, नयाँ राजनीतिक शक्तिको उदय सङ्केत देखिएको तथा निर्वाचनपछिको परिदृश्य र सुधारको सम्भावना प्रशस्त रहेको जियोकको प्रतिवेदनमा उल्लेख छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# चुनावमा सहभागी हुन आतुर छन् मतदाता

**शीतलप्रसाद महतो**

काठमाडौं, १५ फागुन (रासस)।

यतिखेर मुलुक प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ। निर्वाचनमा सहभागी हुन मतदातामा उत्साहको वातावरण देखिएको छ। भ्रष्टाचार नियन्त्रण, सुशासन तथा विकास निर्माणप्रति सर्वसाधारण नेपाली नागरिकको उत्कृष्ट अभिलाषा एवम् आकाङ्क्षाको प्रतिनिधित्व र परिपूर्ति गर्नका लागि मतदाता मतदानको व्यग्र प्रतीक्षा गरेका छन्। अर्थात् उनीहरू प्रतिनिधिसभा सदस्य चुन्न आतुर देखिएका छन्।

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अहिले चुनावी प्रचारप्रसारको सरगर्मी ह्वात्तै बढ्को छ। मुलुकका सहर तथा ग्रामीण क्षेत्रका विभिन्न चोक, चिया पसलदेखि टोलटोल र खेतबारी उम्मेदवार तथा पार्टीका जितहारको आकलन तथा चुनावी कुराकानीले गर्माएको छ। विभिन्न दलका नेता, कार्यकर्ता र उम्मेदवारले बिहानैदेखि मतदाताको घरआँगन तथा खेतबारीमा पुगेर मत माग्ने कार्यलाई तीव्रता दिएका छन्भने चुनावीसभा र कोणसभालाई पनि त्यतिकै महत्वका साथ अगाडि बढाएका छन्।

विभिन्न दलका शीर्षनेताहरू पनि चुनावीसभा र प्रचारप्रसारमा व्यस्त देखिएका छन्भने चुनावको समाचार सङ्कलन गर्न राष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई पनि अहिले भ्याइनभ्याइ भएको छ। राजनीतिक स्थायित्व, आर्थिक समृद्धि र समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयनसहितको समृद्ध नेपाल निर्माणका लागि हुन लागेको यो निर्वाचनलाई सफल र सार्थक बनाउन सबैको साझा प्रयास हुनुपर्दछ। यो चुनाव समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयन, समावेशी विकास र समृद्ध मुलुकको निर्माणसँग जोडिएकाले यसलाई जसरी भए पनि सफल बनाउनु प्रत्येक नेपालीको दायित्वभित्र पर्दछ। निर्वाचनमा आफ्ना लागि मत माग्न आइरहेका उम्मेदवारलाई मतदाताले भोगिरहेका विभिन्न समस्याको समाधानका लागि प्रतिबद्धता खोजिरहेका छन्।

बेरोजगारी, आर्थिक कठिनाइ, पूर्वाधारको अभाव, स्वास्थ्य, शिक्षा र खानेपानीको अभावलाई मतदाताले प्रमुख समस्याका रूपमा लिएका छन्। यी यस्तै समस्यामा केन्द्रित भएर वस्तुगत समाधान प्रस्तुत गर्ने दल र उम्मेदवारप्रति नागरिकको अपेक्षा बढेको छ। बेरोजगारी र आर्थिक कठिनाइबाट आम नागरिक प्रताडित छन्। श्रम बजारमा हरेक वर्ष पाँच लाख नयाँ श्रमशक्ति आउने गरेका छन्। स्वदेशमा उनीहरूका लागि रोजगारीका अवसर अत्यन्तै कम हुँदा उनीहरूको जीवनमा आर्थिक कठिनाइ निम्तिने गरेको छ। त्यसैले वैदेशिक रोजगारी नै उनीहरूका लागि विकल्प हुने गरेको छ। हरेक वर्ष औसतमा तीन लाख युवा नयाँ श्रम स्वीकृति लिएर र पाँच/छ लाख पुरानो रोजगारीलाई निरन्तरता दिन विदेसिने गरेको देखिन्छ। रोजगारी सिर्जना देशको आर्थिक विकाससँग पनि जोडिन्छ। आर्थिक विकासका लागि औद्योगिक विकास र स्वरोजगारका अवसरसँग जोडिन्छ। त्यसैले अब राजनीतिक दलहरूको मुख्य 'एजेन्डा' नै आर्थिक विकास हुनुपर्छ भन्ने आम मतदाताको भनाइ छ।

सम्भावित निर्वाचनको अर्को महत्वपूर्ण पक्ष 'डिजिटल' राजनीति होर। नेपालमा 'इन्टरनेट' पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छभने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसङ्ख्यक युवा छन्र। 'टिकटक, फेसबुक, युट्युब र एक्स (ट्विटर)' अब केवल मनोरञ्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य 'प्लेटफर्म' बनेका छन्र। यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छर। ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन्र। युवा मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई डिजिटल माध्यमबाट सजिलै मूल्याङ्कन गरिरहेका छन्र। यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती भने थपेको छर।

जनसङ्ख्याको बनोट र सामाजिक विविधताको आयामको प्रतिबिम्ब हरेक राजनीतिक र सामाजिक प्रक्रिया र प्रतिस्पर्धामा देखियोस् भन्ने अपेक्षा गरिएको हुन्छर। तर यस निर्वाचनमा उमेर समूह, लैङ्गिकता, जातीय विविधता जस्ता पक्षमा दलहरूको उम्मेदवारी असन्तुलित देखिएको छर। यसबाट सामाजिक विविधतालाई राजनीतिक ठाउँ दिने विषयलाई दलहरूले भित्रैबाट अनुभूत गर्न नसकेको देखिन्छ। यस निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारीमा दलित, आदिवासी, जनजाति मधेसी, मुस्लिम, अल्पसङ्ख्यक र सीमान्तकृत वर्ग समूहलाई दलहरूले सन्तुलित ढङ्गले उम्मेदवारी वितरण नगरेको देखिन्छ। दलहरू केवल राजनीतिक विरासत भएका, निर्वाचन खर्च बेहोर्न सक्ने तथा चर्चित अनुहारहरू परेको देखिन्छर।

**कोशी र मधेस प्रदेश बढी चर्चामा**

आसन्न निर्वाचनमा कोशी र मधेस प्रदेश चर्चाको शिखरमा छन्। भूपूर्वकै भावी प्रधानमन्त्रीका दाबेदारसम्मको उम्मेदवारीले यो दुवै प्रदेश चर्चाको शिखरमा रहेका छन्। मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ सिटमध्ये एकमा पूर्वप्रधानमन्त्री र एकमा भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी छ।

त्यस्तै, मधेस केन्द्रित दलका शीर्षनेताहरूको उम्मेदवारीले पनि यो प्रदेशमा चुनावी सरगर्मी बढाएको छ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउत, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि, नेपाली कम्युनिस्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठदेखि अहिलेको चुनावी सरकारका निवर्तमान मन्त्री बब्लु गुप्तासम्मको उम्मेदवारी मधेसमै परेको छ। त्यसबाहेक दर्जनौं पूर्वमन्त्रीको राजनीतिक भविष्य जोडिएका हुनाले मधेस प्रदेशमा हुने रोचक चुनावी प्रतिस्पर्धाले सबैको ध्यान केन्द्रित गरेको छ।

निर्वाचन नजिकिँदै गर्दा कोशी प्रदेश पनि चर्चामा रहेको छ। विशेषगरी झापा-५ यतिबेला निकै चर्चामा छर। नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको उम्मेदवारीका कारण यो क्षेत्रलाई विशेष चासोका साथ हेरिएको छर। कोशी प्रदेशमा प्रतिनिधिसभाका २८ सिटमध्ये झापा-५ पूर्वप्रधानमन्त्री र भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी परेको छ। यसैगरी, नेपाली कांग्रेसका नेता डा शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, विजयकुमार गच्छदार, नेकपा एमालेका देवराज घिमिरे, रास्वपाका निशा डाँगी, श्रम संस्कृति पार्टीका हर्कराज राई र नेपाली कम्युनिष्ट पार्टीका हरि रोक्का उम्मेदवारीले यो प्रदेश पनि चुनावी चर्चाको शिखरमा पुगेको छ।

**आचारसंहिता उल्लङ्घनका घटना बढ्दो**

आचारसंहिता उल्लङ्घनमा प्रायः सबैजसो राजनीतिक दलका उम्मेदवार सक्रिय देखिएका छन्। विशेषगरी चुनावमा पैसाको माग र महत्व बढिरहेका बेला प्रभावशाली उम्मेदवारले अरूको कार्यकर्ता तान्न र आफ्नै कार्यकर्ता जोगाउन पनि ठूलै रकम खर्च गर्ने गरेका छन्। निर्वाचन आयोगले जारी गरेको आचारसंहिता विपरीत उम्मेदवारहरूले निर्वाचन आचारसंहिता विपरीत एक दर्जनभन्दा बढी चारचक्के गाडी प्रयोगमा ल्याइरहेको देखिन्छ।

कोशी, मधेस र लुम्बिनी प्रदेशका अधिकांश उम्मेदवारले भारतीय नम्बर प्लेटका गाडी प्रचारप्रसारमा प्रयोगमा ल्याइरहेका छन्। उम्मेदवारहरूले गाडीमै 'साउन्ड बक्स' जडान गरी चुनावी गीत बजाउँदै घरदैलो गरिरहेका छन्। मतदाता लोभ्याउन चुनावी भोजभतेरमा बन्देज लागे पनि दिनहुँ प्रत्येक क्षेत्रमा भोजभतेर चलिरहेको छ। आयोगले तडक-भडक, बाजा-गाजा तथा सार्वजनिक स्थानमा पार्टीका झन्डा झुन्ड्याउन नपाइने निर्देशन जारी गरेको छ। तर आयोगको निर्देशन विपरीत प्रायः सबै प्रदेशको विभिन्न स्थानमा पार्टीका झन्डा तथा प्रचार सामग्री खुला रूपमा झुन्ड्याइएको पाइएको छ।

अर्कोतिर मतदाता शिक्षा प्रभावकारी देखिएको छैन। मन परेका व्यक्तिलाई छानेर मत हाल्न पाइने कि नपाइने, कसरी छाप लगाउने, कसरी पट्याउने भन्ने कुराको चिन्ता अधिकांश मतदातामा छ। यही फागुन २१ गते हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन निर्वाचन आयोगले आह्वान गरे पनि आचारसंहिता उल्लङ्घनको घटना बढेको बढेकै छ।

**खुल्ला सिमाना र सुरक्षा चुनौती**

विशेषगरी छिमेकी मुलुक भारतको सीमासँग जोडिएको निर्वाचन केन्द्रमा सुरक्षा चुनौती बढ्न थालेको छ। निर्वाचनका बेला सुरक्षा व्यवस्थाका लागि तीनै निकाय संयुक्त र समन्वयात्मक रूपमा परिचालन भएको छ। भारतसँगको खुला सिमानाका कारण उत्पन्न हुने सुरक्षा चुनौती सामना गर्न स्थानीय प्रहरी प्रशासनले अधिकतम उपाय प्रयोग गरिरहेकाले ढुक्कसँग मतदान गर्न पाउने अवस्था छ। प्रहरीले ठाउँठाउँमा 'चेक प्वाइन्ट' राखेर सुरक्षा जाँच तीव्र बनाएको छ।

खुल्ला सिमानाका कारण घुसपैठ र आपराधिक घटना हुनसक्ने अवस्थालाई ध्यानमा राखेर उच्च सुरक्षा सतर्कता अपनाइएको छ। भारतबाट भाडाका अपराधी निर्वाचनमा उपयोग गर्नसक्ने पूर्वानुमानका आधारमा सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाइएको सुरक्षा स्रोतले जनाएको छ। सुरक्षा चुनौतीलाई ध्यानमा राखेर मुख्य नाकाहरूमा तालिम प्राप्त कुकुर परिचालन गरिएको जनाइएको छ।

**राजनीतिक दलहरूका लागि चुनौती र अवसर**

मुलुकको राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु होर। विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छर। 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा रहेका थिएर। तर गत भदौ २३ र २४ को जेनजी आन्दोलनले देखाएको चेतना र सक्रियताले अहिले यो धारणामा परिवर्तन हुँदै गएको देखिन्छ। यो आन्दोलनले युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने सङ्केत दिएका छन्र। फलस्वरुप पछिल्लो समय राजनीतिको गति र प्रक्रियामा युवा वर्ग निर्णायक भएका देखिएका छन्र।

युवाले के चाहन्छन् भन्ने चर्चाबिना कुनै पनि बहसले पूर्णता नपाउने स्थिति उत्पन्न भएको छर। राजनीतिमा युवाको संलग्नता बढ्नुपर्छ भन्ने आवाज बलियो बन्दै गएको कारण यसअघि दलीय राजनीतिबाट टाढा रहेको ठूलो समूह राजनीतिको केन्द्रमा आइपुगेका छन्र। त्यसको प्रभाव दलहरूले दिएको उम्मेदवारीमा समेत परेको छर। उनीहरूले युवा उम्मेदवारलाई प्राथमिकता दिएको पनि देखिन्छर। तापनि युवा उमेर समूहको जनसङ्ख्या र उम्मेदवारबीच सन्तुलन कायम हुन सकेको छैन्।

युवा उमेर समूहले ओगट्ने जनसङ्ख्या र उम्मेदवारको सन्तुलनमा अझै पनि धेरै फरक देखिन्छर। नेपालमा १८ देखि ४० वर्षका मतदाता ५२ प्रतिशत छन्र। तर ४० वर्षसम्मका उम्मेदवार ३१ प्रतिशत मात्रै छन्र। यस्तो तथ्याङ्कबाट दलहरूले युवा र पाका उमेर समूहलाई सन्तुलित ढङ्गले उम्मेदवारी वितरण नगरेको प्रस्ट हुन्छर। युवाको सक्रियता लोकतन्त्रका लागि सकारात्मक सङ्केत होर। निर्वाचनलाई केवल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र नभई युवाको बदलिँदो राजनीतिक चेतना पनि होर। विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणालीमाथि प्रश्न उठाउन अग्रपङ्क्तिमा देखिन थालेका छन्र। यही परिवर्तन आसन्न प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा निर्णायक तत्व बन्ने सङ्केत गरेको होर।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नेपालका लागि केवल

बाँकी तीन पृष्ठमा

# मतदाता आकर्षित गर्न आ-आफ्नै 'एजेन्डा'

काठमाडौँ, १५ फागुन (रासस) ।

यसअघिका संसदीय निर्वाचनमा सिट सङ्ख्याका आधारमा निर्णायक भूमिकामा नरहेका र यसपटकदेखि चुनावी मैदानमा होमिएका राजनीतिक दलहरूले मतदातालाई आकर्षित गर्न आ-आफ्नै 'एजेन्डा' अघि सारेका छन् । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्ष र समानुपातिक प्रणालीतर्फ उम्मेदवारी मनोनयन गरी निर्वाचन चिह्न प्राप्त गरेका राजनीतिक दलहरूले निर्वाचन घोषणापत्र जारी गरी प्रचारप्रसार अघि बढाएका छन् ।

कुल १२० राजनीतिक दलले निर्वाचनमा भाग लिने आवेदन दिएकामा प्रत्यक्षतर्फ ६५ राजनीतिक दलले ६१ राजनीतिक चिह्न तथा समानुपातिकतर्फ ६३ राजनीतिक दलले ५७ राजनीतिक चिह्नमा प्रतिस्पर्धा गर्दैछन् ।

निर्वाचन घोषणापश्चात कतिपय राजनीतिक दलमा विभाजन आएको छ भने कतिपय दल एकापसमा एकीकृत भएर मैदानमा देखिएका छन् । कतिपय दलले चुनावी गठबन्धन गरी संयुक्त निर्वाचन चिह्नबाट प्रचार गरेका छन् ।

संसदीय राजनीतिमा अनुभवी पूर्वमन्त्री अशोककुमार राईको संयोजकत्वमा नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी र राष्ट्रिय मुक्ति पार्टीले साझा/एकल जाँतो चुनाव चिह्न लिएर प्रतिस्पर्धामा उत्रिएका छन् । तीनवटा पार्टीको तर्फबाट प्रत्यक्षतर्फ एक सय हाराहारीमा उम्मेदवारी दर्ता भएको राईले जानकारी दिनुभयो ।

जसपाका अध्यक्ष राईका अनुसार मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, अखडण्ता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्ने विषयलाई घोषणापत्रमा पहिलो प्राथमिकतामा राखिएको छ । "सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, विकास र सुदृढीकरण गर्ने, पहिचान र सामर्थ्यका आधारमा वर्तनमा सङ्घीय संरचनालाई वैज्ञानिक ढङ्गले पुनःसंरचना गर्ने, संविधानमा भएको संरक्षित क्षेत्र र विशेष क्षेत्रलाई ऐन बनाएर लागू गर्ने तथा स्थानीय तहलाई गैरदलीय बनाइ सामुदायिक विकास इकाइका रूपमा स्थापित गर्ने विषयलाई घोषणापत्रमा राखिएको छ", उहाँले भन्नुभयो ।

नयाँ पुस्ताको मागअनुसार मुलुकको अग्रगामी निकासका लागि राजनीतिक, आर्थिक, सामाजिक एवं प्रशासनिक सुधार गर्ने, राज्यको सामाजिक दायित्व राज्य, निजी क्षेत्र र समुदायमा आधारित सामाजिक सुधार अर्थतन्त्रको नीति अवलम्बन गर्ने, स्वदेशी तथा विदेशी पुँजी र प्रविधि परिचालनका लागि लगानीमैत्री वातावरण निर्माण गर्ने, जलसम्पदाको सदुपयोगका लागि बहुउद्देश्यीय जनसहभागितामूलक र एकीकृत विकासको नीति लागू गर्ने, वैदेशक रोजगारमा भएका नागरिकको कमाइलाई जलविद्युत् र उद्यमशील क्षेत्रमा परिचालन गर्ने नीति घोषणापत्रमा उल्लेख छ ।

जनादेश पार्टी नेपालका सहमहामन्त्री जस्मिन ओझाका अनुसार अहिले जनादेश पार्टी र आम जनता पार्टीबीच संयुक्त चिह्न (मोबाइल) मा चुनावी सहकार्य भएको र ८० भन्दाबढी निर्वाचन क्षेत्रमा उम्मेदवारी रहेको छ । भर्खर स्थापना भएका कारण धेरै क्षेत्रमा उम्मेदवारी दिन नसकिएको उहाँले जानकारी दिनुभयो । जनादेश पार्टीले अहिले देशव्यापी रूपमा सङ्गठन विस्तारको अभियान अघि बढाइरहेको उहाँको भनाइ छ ।

जनादेश पार्टीले १३ बुँदे प्रतिबद्धतासमेत जारी गरेको छ । राजनीतिक पविर्तनका लागि बलिदानी दिएका सहिद तथा घाइते परिवारलाई विशेष कोष खडा गरेर सहयोग गर्ने र जलवायु परिवर्तनको विषयमा नेपालले आर्थिक नीतिका लागि विशेष बजेट विनियोजन गर्ने योजना छ ।

"हामीले ६.५-७.५ प्रतिशत कुल गार्हस्थ्य उत्पादन वृद्धिको लक्ष्य राखेका छौँ, सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयमा कृषि र पर्यटन क्षेत्रबाट पाँच लाख रोजगारी सृजना गर्ने, मिटरब्याज, लघुवित्त र सहकारीपीडितलाई न्याय दिन विशेष आर्थिक अदालत गठन गर्ने विषयलाई प्राथमिकताका साथ घोषणापत्रमा समावेश गरिएको छ", घोषणपत्र मस्यौदा समितिको संयोजकसमेत रहनुभएकी ओझाले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)ले समानुपातिकतर्फ १०९ जना तथा प्रत्यक्षतर्फ ३५ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको छ । नेकपा (एकीकृत समाजवादी)का नेता घनश्याम भुसालको समूह नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) मा समाहित भएको छ । पार्टीको निर्वाचन चिह्न हसियाँ रहेको छ । मुख्यगरी तीनवटा राजनीतिक दलले जनताको पक्षमा काम गर्न नसकेकाले आफूहरूको उपस्थिति भएको महासचिव केदारचन्द्र शर्माले जानकारी दिनुभयो ।

"भ्रष्टाचारप्रति शून्यसहनशीलता, सांसदलाई मन्त्री बनाउन नहुने, सांसदलाई विधायकी काममा मात्रै सीमित गर्नुपर्ने, प्रधानमन्त्री दुई कार्यकाल मात्रै हुने, मन्त्री सांसदलाई चारपटकभन्दा बढी पदमा जान नदिने, उद्यमशीलता प्रवर्द्धन, रोजगारी सृजना, शिक्षामा आमूल परिवर्तन, ७० प्रतिशत तालिम तथा व्यावसायिक शिक्षा दिने नीति रहेको छ", उहाँले भन्नुभयो । सो पार्टीले तीनखम्बे आर्थिक नीतिलाई उच्च प्राथमिकता दिएको छ ।

# निर्वाचन अवधिभर मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध

काठमाडौँ, १५ फागुन (रासस) ।

निर्वाचन आयोगले शुक्रबारदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने भएको छ ।

आयोगले निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकबाट पारित निर्वाचन सुरक्षा योजनाअनुसार सो प्रस्ताव गरिएको हो ।

सुरक्षाको समग्र अवस्थाको समीक्षा एवं वस्तुस्थितिको आकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिससमेतका आधारमा आयोगले गृह मन्त्रालयलाई निर्देशन दिएको छ । आयोगले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिएको छ ।

जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम निषेध गरिएका कार्य हुन नदिने र कहीँकतै भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन निर्देश गरिएको छ ।

मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मतका सवारीसाधन निर्वाध चल्न सक्नेछन् ।

यस्तै, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन, कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधन पनि सहज सञ्चालन हुनेछ । सार्वजनिक तथा निजी सवारीसाधन भने यही फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय भएको आयोगले जनाएको छ ।

यस्तै, मतदानको दिनमा अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत सञ्चालनको व्यवस्था मिलाइनेछ । अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर र बसोबास गर्ने होटलसम्म ल्याउन सहज व्यवस्था गरिएको छ ।

यस्तै, घर बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिनेगरी आवश्यक व्यवस्था मिलाइने आयोगले उल्लेख गरेको छ ।

**यी कागजात देखाएर मतदान गर्न पाइन्छ**

प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ अनुसार मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र देखाएर मतदान गर्न सक्नेछन् ।

यस्तै, राष्ट्रिय/परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारी चालक अनुमतिपत्र लिएर मतदान केन्द्रमा जान सक्नेछन् । सोबमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जान सक्नेछन् ।

यस्तै, मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउने कुरा मतदानमा खटिने सुरक्षाकर्मी कर्मचारी र सरोकारवालालाई सूचना सम्प्रेषण गर्ने निर्णय भएको आयोगले उल्लेख गरेको छ ।

मतदानको दिनमा निर्वाचन आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा पास वितरण एकाइ खडा गर्ने र सो एकाइमा निर्वाचन आयोगको तर्फबाट दुई जना र जिल्ला प्रशासन कार्यालय काठमाडौँको तर्फबाट दुई जना कर्मचारीलाई तोकिनेछ ।

## चुनावमा सहभागी ...

अर्को चुनाव होइन, पुस्तागत राजनीतिक सङ्क्रमणको निर्णायक मोड पनि होर । जेनजीले उठाएको प्रश्न, प्रस्तुत गरेको विकल्प र देखाएको सक्रियताले आगामी राजनीतिक दिशा तय गर्नेछर । युवालाई केवल मतदाता होइन, नीति साझेदारका रूपमा स्वीकार गर्नसके मात्र निर्वाचन लोकतन्त्र सुदृढीकरणको माध्यम बन्न सक्छर ।

सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सम्पूर्ण नागरिक उत्साह साथ निर्वाचनको तयारीमा जुटिरहेको बेलामा भ्रष्टाचार, कुशासन, अविकास र आर्थिक सङ्कटविरुद्ध लाग्ने जनप्रतिनिधि चयनका लागि आम मतदाता अत्यन्तै चनाखो देखिन्छन् । हरेक दृष्टिकोणबाट राज्यलाई आत्मनिर्भर बनाउने गरी उद्योग-व्यवसाय सञ्चालनमा जनप्रतिनिधिको सहयोग र साझेदारी सहज हुनुपर्छर । अब आमनेपालीले रोजगारीका लागि मुलुक छाड्नु नपरोस्र । समानता, सुशासन र राष्ट्रिय समृद्धि आगामी निर्वाचित सरकारको मूल मन्त्र र कार्यदिशा बनोस्र । निराशा हटाएर राष्ट्रोन्नतिको आशा जगाउने जनप्रतिनिधि अहिले चाहिएको छ र । नेता र नेतृत्वका विगतका क्रियाकलाप र भ्रष्टाचारका बेथिति राम्रै देखिसकेका नागरिकले अब जनप्रतिनिधि चयनमा कसैको धम्की, लोभ, बहकाउ र स्वार्थलिप्सामा नलागी पूर्ण विवेक र वैयक्तिक स्वतन्त्रता प्रयोग गर्नु जरुरी छर ।

# करेन्ट लागेर टिपर चालकको मृत्यु

**दैनिक समाचारदाता**

**सिरहा, १५ फागुन ।**

सिरहाको गोलबजार नगरपालिका २ स्थित गुरुधाम जाने बाटोमा टिपरको हाइड्रोलिक उठाउने क्रममा करेन्ट लागेर चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गोलबजार नगरपालिका-३ घर भई वडा नं २ मा बस्दै आएका करिब ४३ वर्षीय सन्तोष साह रहुनभएको प्रहरीले जनाएको छ ।

शुक्रबार बिहान प्रदेश २-०-००१ क ००४५ नम्बरको टिपरको पछिल्लो भाग सफा गर्ने क्रममा हाइड्रोलिक उठाउँदा विद्युत् प्रसारण लाइनमा छोएपछि करेन्ट लाग्दा टिपरमा आगलागी भएको थियो ।

गम्भीर घाइते भएका सवारीधनी समेत रहनुभएका साहलाई तत्काल उद्धार गरी उपचारका लागि स्थानीय हेल्थ केयर अस्पताल लगिएकामा चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

घटनाबारे जानकारी पाएलगत्तै प्रहरी घटनास्थल पुगेर आगो नियन्त्रणमा लिएको थियो । शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

## विश्व समाचार

# पाकिस्तान-अफगानिस्तानबीच 'खुला युद्ध' घोषणा

इस्लामाबाद, १५ फागुन (रासस/एपी) ।

पछिल्लो हवाई आक्रमण र सीमापार झडपपछि पाकिस्तानले अफगानिस्तानसँगको द्वन्द्व अब 'खुला युद्ध' मा रूपान्तरित भएको घोषणा गरेको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा मोहम्मद आसिफले शुक्रबार बिहान सामाजिक सञ्जाल एक्समार्फत देशको 'धैर्य समाप्त भएको' जनाउँदै अब दुई देशबीच खुला युद्धको अवस्था सिर्जना भएको बताउनुभयो ।

उहाँले नाटो सेना फिर्ता भएपछि पाकिस्तानले अफगानिस्तानमा शान्ति स्थापना हुने अपेक्षा गरेको तर तालिबान सरकारले त्यसको विपरीत बाटो रोजेको आरोप लगाउनुभयो । तालिबानले अफगान जनताको कल्याण र क्षेत्रीय स्थिरतामा ध्यान केन्द्रित गर्ने अपेक्षा गरिए पनि अफगानिस्तानलाई 'भारतको उपनिवेश' बनाइएको, विश्वभरका उग्रवादीलाई एकत्रित गरिएको र 'आतङ्कवाद निर्यात' सुरु गरिएको उहाँको दाबी थियो । "भस्हाम्रो धैर्य अब समाप्त भएको छ । अब हामीबीच खुला युद्ध छ", उहाँले उल्लेख गर्नुभयो । उहाँका अभिव्यक्तिबारे अफगान सरकारी अधिकारीहरूको तत्काल कुनै प्रतिक्रिया आएको छैन ।

रक्षामन्त्री आसिफको टिप्पणी पाकिस्तानले काबुल, कान्दाहार र पक्तिया प्रान्तमा हवाई आक्रमण गरेको केही घण्टापछि सार्वजनिक भएको हो । पाकिस्तानी अधिकारीहरू र अफगान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार यी आक्रमणहरू अफगानिस्तानबाट भएको सीमापार आक्रमणको प्रत्युत्तरस्वरूप गरिएको दाबी गरिएको छ । केही महिनाअघि कतार र टर्कीको मध्यस्थतामा युद्धविराम भएको भए पनि पछिल्लो घटनाक्रमले तनाव पुनः चुलिएको देखिएको छ ।

दुवै देशले एकअर्कालाई ठूलो क्षति पुऱ्याएको दाबी गरेका छन् तर ती विवरण स्वतन्त्र रूपमा पुष्टि हुन सकेका छैनन् । अफगानिस्तानको रक्षा मन्त्रालयले रातिको समयमा भएको कारबाहीमा ५५ पाकिस्तानी सैनिक मारिएको, केहीको शव अफगानिस्तानतर्फ लगिएको र 'धेरैलाई जीवितै नियन्त्रणमा लिइएको' जनाएको छ । मन्त्रालयका अनुसार आठ अफगान सैनिक मारिएका र ११ जना घाइते भएका छन् । १९ पाकिस्तानी चौकी र दुई आधार ध्वस्त पारिएको तथा बिहीबार सुरु भएको झडप करिब चार घण्टापछि मध्यरातमा रोकिएको दाबी गरिएको छ ।

यता पाकिस्तानका सूचनामन्त्री अत्ताउल्लाह तरारले दुई पाकिस्तानी सैनिक मारिएको र तीन जना घाइते भएको जानकारी दिनुभयो । प्रधानमन्त्री शाहबाज सरिफका प्रवक्ता मुशर्रफ अली जैदीले कुनै पनि पाकिस्तानी सैनिक पक्राउ परेको दाबी अस्वीकार गर्दै कम्तीमा १३३ अफगान लडाकू मारिएको र २०० भन्दा बढी घाइते भएको उल्लेख गर्नुभयो । उहाँका अनुसार २७ अफगान चौकी ध्वस्त पारिएका र नौ जना लडाकूलाई नियन्त्रणमा लिइएको छ । हताहत कहाँ भएका भन्ने स्पष्ट नगरिए पनि काबुल, पक्तिया र कान्दाहारका सैन्य लक्ष्यमा आक्रमणबाट ठूलो क्षति पुगेको अनुमान गरिएको उहाँले जनाउनुभयो ।

इस्लामाबादस्थित दुई वरिष्ठ सुरक्षा अधिकारीले केही सीमा चौकीमा अफगान सेनाले सेतो झण्डा उठाएको दाबी गरेका छन्, जसलाई सामान्यतः गोलीबारी रोक्ने सङ्केतका रूपमा लिइन्छ । नाम उल्लेख नगर्ने सर्तमा उनीहरूले पाकिस्तानी सेनाले अफगान तालिबानको 'अप्रेरित आक्रमण' को कडा जवाफ दिएको र सीमावर्ती क्षेत्रका महत्त्वपूर्ण तालिबान चौकीहरू ध्वस्त पारेको बताएका छन् ।

रक्षामन्त्री आसिफले तालिबान सरकारले महिलासहितका आधारभूत मानव अधिकारलाई इस्लाम अन्तर्गत प्रत्याभूत गरिएका अधिकारसमेत बेवास्ता गरेको आरोप पनि लगाउनुभयो । यद्यपि त्यसबारे विस्तृत प्रमाण प्रस्तुत गरिएको छैन । पाकिस्तानले प्रत्यक्ष र मित्र राष्ट्रमार्फत स्थिरता कायम गर्न प्रयास गरेको तर पाकिस्तानलाई लक्षित गरी आक्रामकता बढेपछि आफ्ना सशस्त्र बलले 'निर्णायक जवाफ' दिएको उहाँको भनाइ थियो ।

तनाव बढेसँगै मानवीय असर पनि देखिन थालेको छ । पाकिस्तानका अधिकारीहरूले उत्तरपश्चिमी तोरखाम नाकाबाट फर्किन प्रतीक्षारत दर्जनौँ अफगान शरणार्थीलाई झडप फैलिएपछि सुरक्षित स्थानमा सारिएको बताएका छन् । पाकिस्तानले अक्टोबर २०२३ देखि कागजातविहीन आप्रवासीविरुद्ध व्यापक कारबाही सुरु गरेको थियो । त्यसक्रममा धेरैलाई गिरफ्तारी र जबरजस्ती निष्कासनबाट जोगिन देश छाड्न आग्रह गरिएको थियो भने अरूलाई निष्कासन गरिएको थियो । इरानले पनि सोही समयमा आप्रवासीविरुद्ध कडाइ सुरु गरेको थियो ।

त्यसयता लाखौँ मानिसहरू सीमा पार गर्दै अफगानिस्तान फर्किएका छन् । तीमध्ये दशकौँअघि पाकिस्तानमा जन्मिएर त्यहीँ जीवन र व्यवसाय स्थापना गरेका व्यक्ति पनि समावेश छन् । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीका अनुसार गत वर्ष मात्र २९ लाख मानिस अफगानिस्तान फर्किएका थिए भने यस वर्ष अहिलेसम्म करिब ८० हजार जना फर्किसकेका छन् ।

# पूर्व वडाध्यक्षसहित सय भन्दा बढी नेता कार्यकर्ता काँग्रेसमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**
जसपा नेता एवं पूर्व वडाध्यक्षसहित एकसय भन्दा बढी नेता/कार्यकर्ता नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

नेपाली काँग्रेस ३ नं. क्षेत्रिय समितिद्वारा शुक्रबार आयोजित कार्यक्रममा रुपनी गाउँपालिका १ निवासी जसपा नेता एवं पुर्व वडाध्यक्ष पिताम्बर सहित १ सय १० जना नेपाली काँग्रेसमा प्रवेश गरेको नेपाली काँग्रेस सप्तरीका सचिव सनत मण्डलले जानकारी दिए ।

प्रवेश गर्नेहरुमा पिताम्बर यादवका साथै सत्यनारायण यादव, राजेन्द्र प्रसाद यादव, श्रीप्रसाद यादव, रामएकबाल यादव, प्रसादी राम, चन्दर कुमारी सदा, मो.तौफिक मियाँ सहित १ सय १० जना रहेको सचिव मण्डलले बताए ।

एकै साथ ठुलो संख्यामा अन्य पार्टी परित्याग गरी प्रवेश गरेपछि काँग्रेसलाई थप उर्जा प्रदान गरेको कार्यक्रमका प्रमुख अतिथि दिनेश कुमार यादवले बताए । उनी यसै क्षेत्रबाट काँग्रेसका प्रतिनिधिसभा सदस्यको उम्मेदवार समेत हुन् ।

नव प्रवेशीहरुलाई उनले अविरमाला लगाई पार्टीको सदस्यता प्रदान गरेका थिए । कार्यक्रम क्षेत्रिय सभापति भगवती यादवको अध्यक्षतामा आयोजना गरिएको थियो ।

# मधेस प्रदेशमा ४ सय ८१ थान इजाजत प्राप्त हतियार बुझाइयो

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १५ फागुन ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षितगरी गरिएको सूचनाअनुसार मधेस प्रदेशमा ४८१ थान हतियार (बन्दुक) बुझाइएका छन् ।

मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका अनुसार निर्वाचनलाई स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न प्रदेशअन्तर्गतका जिल्ला प्रशासन कार्यालयले गरेको सूचनापश्चात् हालसम्म उक्त सङ्ख्यामा हतियार प्राप्त भएका हुन् ।

यहाँका आठ जिल्लामा विभिन्न व्यक्तिले दुई हजार ५३१ थान इजाजत प्राप्त हातहतियार लिएको तथ्याङ्क भए पनि हालसम्म ४८१ थान मात्र प्राप्त भएको कार्यालयले जनाएको छ । अझै दुई हजार ५० थान हतियार बुझाउन बाँकी छन् ।

स्थानीय प्रशासनले नजिकको प्रहरी इकाइ वा जिल्ला प्रहरी कार्यालयमा हतियार बुझाउनका लागि सूचना जारी गरेका थिए ।

# मतदानमा दुई लाख २१ हजार कर्मचारी खटाइने

काठमाडौँ, १५ फागुन (रासस) ।
यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ निर्वाचन क्षेत्रमा दुई लाख २१ हजार कर्मचारी खटिने भएका छन् । ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका २३ हजार ११२ केन्द्र र समानुपातिकमा मात्र मत हाल्ने १४३ अस्थायी केन्द्रमा गरी उक्त सङ्ख्यामा कर्मचारी खटाउने भएको हो ।

निर्वाचन आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले पाँच सयभन्दा बढी मतदाता भएका केन्द्रमा नौ जना र ५०० भन्दा कम मतदाता भएका केन्द्रमा आठ जना कर्मचारी खटाउने व्यवस्था मिलाइएको बताउनुभयो । मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण दिएपछि केन्द्रमा खटिने अरु कर्मचारीलाई मतदान अधिकृतले नै प्रशिक्षण दिने व्यवस्था मिलाइएको पनि आयोगले जनाएको छ ।

निर्वाचनका लागि निर्वाचन सामग्री र मतपत्र बिहीबार देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुगिसकेको आयोगले जनाएको छ ।

# निर्वाचनका लागि ११ दल र एक हजार ६७० उम्मेदवारले मात्र खोले बैंक खाता

काठमाडौँ, १५ फागुन (रासस) ।
यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका तीन हजार ४०६ प्रत्यक्ष उम्मेदवारमध्ये एक हजार ६७० जना उम्मेदवारले मात्र बैंक खाता खोलेको निर्वाचन आयोगले जनाएको छ ।

यसैगरी, निर्वाचनमा भाग लिएका ६५ दलमध्ये ११ दलले मात्र खाता खोलेका छन् । हालसम्म खाता खोल्ने दलमा नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी रहेका आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिनुभयो ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्च सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता खोल्ने व्यवस्था गरिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरूले कार्यविधिअनुसार निर्वाचन प्रचारप्रसारका लागि खाता खोल्ने व्यवस्था गरिएको छ । सोही खातामार्फत आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार गर्न भनिएको छ ।

# तिर्न बाँकी सरकारी ऋण २८ खर्ब ५८ अर्ब नाघ्यो

काठमाडौँ, १५ फागुन (रासस) ।
तिर्न बाँकी सरकारी ऋण साढे २८ खर्ब नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत माघ मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकामा माघ मसान्तसम्ममा रु एक खर्ब ८४ अर्ब ९३ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु २८ खर्ब ५८ अर्ब ९७ करोड पुगेको छ । जुन कुल गार्हस्थ्य उत्पादनको ४६ दशमलव ८१ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

हालसम्म तिर्न बाँकी ऋणमध्ये आन्तरिक ऋण दायित्व रु १३ खर्ब ४९ अर्ब १३ करोड र बाह्य ऋण दायित्व रु १५ खर्ब नौ अर्ब ८४ करोड रहेको छ । कुल सार्वजनिक ऋणमा माघ मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ८१ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ दशमलव १९ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षमा सरकारले रु पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा माघ मसान्तसम्ममा रु दुई खर्ब ५५ अर्ब ४८ करोड प्राप्ति भएको छ । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको कुल सार्वजनिक ऋण प्राप्ति ४२ दशमलव ८९ प्रतिशत हो ।

यस वर्ष आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने सरकारी लक्ष्य रहेकामा ६० दशमलव १३ प्रतिशत अर्थात् रु दुई खर्ब १७ अर्ब ६६ करोड उठिसकेको छ भने रु एक खर्ब ४४ अर्ब ३३ करोड प्राप्ति हुन बाँकी छ ।

त्यस्तै, बाह्य ऋणतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत अर्थात् रू ३७ अर्ब ८१ करोड प्राप्त भइसकेको छ भने रु एक खर्ब ९५ अर्ब ८४ करोड प्राप्त हुन बाँकी रहेको छ ।

त्यस्तै, सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि सरकारले यस वर्ष रु चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा माघ मसान्तसम्ममा रु दुई खर्ब तीन अर्ब ६५ करोड भुक्तानी भइसकेको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ४९ दशमलव ५५ प्रतिशत हो । कुल गार्हस्थ्य उत्पादनका आधारमा माघ मसान्तसम्ममा कुल ऋण सेवा खर्च तीन दशमलव ३३ प्रतिशत रहेको छ ।

# आचारसंहिता कार्यान्वयनका माग गर्दै सर्वोच्च रिट

काठमाडौँ, १५ फागुन (रासस) ।
सर्वोच्च अदालतले यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा आचारसंहिता पूर्ण कार्यान्वयन गर्न आदेशको माग गर्दै रिट निवेदन दायर गरिएको छ ।

अधिवक्ता आभास रेग्मी, आयुष बडाल, आकाश ढकालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौँ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौँलगायतलाई विपक्षी बनाई बिहीबार दायर गरेको रिट निवेदनमा उक्त माग गरिएको छ ।

रिट निवेदनमा भनिएको छ, "पत्रकार आचारसंहिता, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ विपरीत नागरिकको संविधानप्रदत्त धारा २७ गोपनीयताको हकलाई निस्तेज गर्ने, भ्रम पैदा गर्नेजस्ता समाचार सामग्री सम्प्रेषण नगर्नु/नगराउनु भनी परमादेश जारी गरी पाउँ ।"

रिट निवेदनमा निर्वाचन आचारसंहिता, २०८२ विपरीत हुने कुनै पनि किसिमको समाचार सामग्री सम्प्रेषण नगर्नु भनी विपक्षीमध्येका सेतोपाटी अनलाइनका नाममा प्रतिषेधको आदेश माग गरिएको छ ।

"संविधानप्रदत्त मौलिक हकको उपभोगमा अनुचित प्रभाव पर्ने, निर्वाचनसम्बन्धी गलत सन्देश नागरिकमा जाने, नागरिकसँग गरिएका कुराकानीले निजको जिउधनमा असुरक्षा पैदा भई अपूरणीय क्षति पुग्ने हुन्छ", रिट निवेदनमा भनिएको छ, "यो रिट निवेदनको अन्तिम टुङ्गो लाग्न समय लाग्ने भएकाले निर्वाचन आउन केही दिन बाँकी रहँदा निर्वाचन परिणाम झल्कने 'विश्लेषण' 'सर्वेक्षण'लगायत विभिन्न नाममा समाचार सामग्री सम्प्रेषण गर्ने, छाप्ने, फैलाउनेजस्ता कार्य नगर्नु प्रकाशित गरेका सामग्री हटाउनु", रिट निवेदनमा माग गरिएको छ ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*